बैठक संख्या : ९५ स्थान : राप्ती नगरपालिका

मिती : २०७८।०७।१५ गते

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

~~का.वा.~~ वडाध्यक्ष वडा नं ८ श्री ~~पूर्ण प्रसाद आचार्य~~ पुष्पराज थपलिया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुँवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल — सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

ई. श्री प्रदिप ओझा

क.अ. श्री रमेश चौधरी

संजीव रेग्मी

बैठक संख्या ९५

मिति: २०७८।०७।१५

प्रस्ताव/निर्णयहरु

प्रस्तावहरु

१. लोथर खोलाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
२. सहमती तथा अनुमती माग गर्ने सम्बन्धमा ।
३. माग आकृति फारम भरी प्रदेश लोक सेवा आयोगमा पठाउने सम्वन्धमा ।
४. नदीजन्य पदार्थ माग गर्ने सम्वन्धमा ।
५. योजना संसोधनका लागि सिफारिस सम्वन्धमा ।

निर्णय नं. १

राप्ती नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि २०७७ को दफा-४ बमोजिम राप्ती नगरपालका कार्यपालिका बैठक संख्या ८२ मिति २०७७।१०।१६ को निर्णय नं. २० बमोजिम लोथर खोलाको TOR स्वीकृत गरी राप्ती नगरपालिकाको कार्यपालिका बैठक संख्या ९२ मिति २०७८।०४।१५ निर्णय नं. १३ बमोजिम राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभागमा TOR स्वीकृतीका लागि र अध्ययन सहमतिको लागि पत्राचार गराइएकोमा मिति २०७८।०५।२१ च.नं. ३०४ मा राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभागबाट IEE अध्ययन सहमती पत्र प्राप्त भई मिति २०७८।०५।३१ गते राष्ट्रिय पत्रिका प्रभाव दैनिकमा लोथर खोलाको प्रारम्भिक वातावरणीय अध्ययन सम्वन्धी सार्वजनिक सूचना प्रकाशन गरी उक्त खोलाको IEE प्रतिवेदन तयार गर्न परामर्शदाता सिग्मा सर्भिसिङ प्रा.लि., बालकोटलाई कार्यपालिका बैठक नं. ९३ मिति २०७८।०६।०४ को निर्णय बमोजिम मिति २०७८।०६।१२ मा कार्यदिश दिई उक्त परामर्श दाताले स्थलगत अनुगमन गरी तयार गरेको लोथर खोलाको पुल देखि दक्षिण १००० मिटर छोडेर १००० मिटर देखि १६०० मिटर (६०० मि.) भित्रको खोलाको भागबाट नदीजन्य पदार्थ उत्खननको ड्राफ्ट IEE प्रतिवेदन प्राप्त भए पश्चात मिति २०७८।०७।१२ गतेको दिन चितवन राष्ट्रिय निकुञ्ज, मनहरी गाउँपालिका, राप्ती नगरपालिकाका पदाधिकारी र लोथर मध्यवर्ती उपभोक्ता समिति लगायतको टोलीले स्थलगत अनुगमन गरी दिएको सिफारिस समेतलाई आधार मानि राप्ती नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक परिक्षण कार्यविधि २०७७ को दफा ७ बमोजिम खोलाको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिका र चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र दुवैको अधिकार क्षेत्रभित्रपर्ने लोथर खोलाको राप्ती नगरपालिका कार्यपालिका बैठक संख्या ९५ मिति २०७८।०७।१५ निर्णय नं. १ बमोजिम स्वीकृत भएको प्रारम्भिक अध्ययन प्रतिवेदनको सहमति तथा स्वीकृत IEE प्रतिवेदन बमोजिम लोथर खोलाबाट नदीजन्य पदार्थ उत्खनन् तथा उत्खनन् अनुमतिका लागि चितवन राष्ट्रिय निकुञ्ज, कसरालाई पत्राचार गर्न निर्णय गरियो ।

बैठक संख्या ९५

मितिः २०७८।०७।१५

निर्णय नं. ३

प्रदेश लोक सेवा आयोग हेटौडा, मकवानपुरको मिति २०७८।०७।१३ च.नं.१५४ को पत्रानुसार नगरकार्यपालिकाहरु र विषयगत शाखाहरु समेतको स्वीकृत दरबन्दी मध्ये रिक्त रहेका पदहरुको पदपूर्तिका लागि रिक्त पदहरुको विवरण माग भई आएकोमा यस रासी नगरपालिकाको स्वीकृत दरबन्दी संरचनाअनुसार रिक्त रहेका तपसिल बमोजिमका सेवा समुह र पदका कर्मचारी माग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | माग पदको नाम | पदको तह | सेवा | समुह/ उपसमुह | स्वीकृत दरबन्दी | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | सि.डि.ई | नवौं/ दशौं | नेपाल इञ्जिनियरिङ | सिभिल | १ | १ |
| २. | सहायक पाचौं | पाचौं | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | २ |
| ३. | सब-इञ्जिनियर | पाचौं | नेपाल इञ्जिनियरिङ | सिभिल | ८ | १ |
| ४. | महिला विकास निरिक्षक | पाचौं | विविध | - | १ | - |
| ५. | सहायक चौथो | चौथो | नेपाल प्रशासन | सा.प्र | ३ | १ |
| ६. | अ.स.इञ्जिनियर | चौथो | नेपाल इञ्जिनियरिङ | सिभिल | ७ | २ |
| ७. | कृषि अधिकृत | छैठौं | नेपाल कृषि | - | १ | १ |
| ८. | सहायक | पाचौं | नेपाल कृषि | - | २ | २ |

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा रासी न.पा र मनहरी गाउँपालिका को सिमानामा पर्ने लोथर खोलाबाट नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रिका लागि ठेक्का प्रक्रिया समाप्त भई टेन्डर मार्फत नदीजन्य पदार्थ उपलब्ध हुने समय अगाडीका लागि रासी नगरपालिका भित्र सञ्चालन हुने विभिन्न विकास निर्माणका आयोजनाको लागि नगर सँग गरेको योजना सम्झौता पत्र र रासी नगरपालिकामा तिर्नुपर्ने दस्तुर तिरेको उपभोक्ता समिति वा निर्माण व्यवसायीले राजश्व काटिएको रसिद सहित चितवन राष्ट्रिय निकुञ्ज लाई निवेदन दिएमा तहाँबाट नदीजन्य पदार्थ उपलब्ध गराउनको लागि चितवन राष्ट्रिय निकुञ्जलाई पत्राचार गर्ने निर्णय गरियो ।

मिति: २०७८।०७।१५

बैठक संख्या ९५

निर्णय नं.५

प्रदेश बार्षिक कार्यक्रम योजनाहरु मध्य रासी नगरपालिकाको लागि रासी नगरपालिका वडा नं. १ पिप्लेको पिप्ले युवा समाजको भवन निर्माण प्रयोजनार्थ रु ५०,००,००० को बजेट विनियोजन गरिएकोमा युवा समाजको भवन साविककै भवन प्रयोगमा भएको हुदाँ उक्त रकम पिप्ले युवा समाज जाने बाटोको पुल निर्माण गर्न  उक्त शिर्षकको योजना संसोधनकोका लागि प्रदेश सामाजिक विकास मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।